# प्रोग्रेशिभ फाइनान्स लि.

## आ.व. २०८०/८१ सूची दर्ता

( प्रकाशित मिति : २०८०/०२/१२, अन्नपूर्ण पोष्ट)

यस प्रोगेशिभ फाइनान्स लिमिटेडलाई आगामी आ.व. २०८०/८१ मा आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित वस्तु तथा सेवाको कारोवार गर्ने फर्म/कम्पनीको सूची तयार गर्नु पर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीलाई आफूले उपलब्ध गराउने बस्तु तथा सेवाको विवरण, फर्म/कम्पनीदर्ता प्रमाणपत्र, स्थाई लेखा नं. (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको आवेदन यो सूचना प्रकाशित भएको मितिले १५ दिने भित्र यस वित्तीय संस्थाको सामान्य सेवा विभाग, कर्पोरेट कार्यालय, तिनकुने, काठमाडौंान दर्ता गराउनहुन वा सूचनामा उल्लेखित समान्य सेवा विभागको इमेल gsd@pfltd.com.np मा स्कान गरि प्रमाणित प्रतिलिपिहरुको स्कान गरी पठाउन सकिने सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएकोमा देहाय बमोजिम वस्तु तथा सेवाको विवरण माग गरिएको छ ।

सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :

१. मसलन्द सामानहरु, छपाई तथा आपूर्ति ।
२. कम्प्युटर तथा यस संग सम्बन्धित अन्य उपकरणहरु आपूर्ति तथा मर्मत संभार ।
३. काठ, स्टील तथा धातुका बिभिन्न प्रकारमा फर्निचर सामानहरु आपूर्ति तथा मर्मत संभार ।
४. कार्यालय टिसर्ट, क्याप, झोला, कलम, चावी रिङ्ग, ज्याकेट, आदीको आपूर्ति ।
५. प्रिन्टर र फ्याक्सको कार्टिज तथा टोनर आपूर्ति ।
६. इलेक्ट्रिक तथा इलक्ट्रोनिक्स सम्बन्धी सामानहरुको आपूर्ति तथा मर्मत सम्भार ।
७. कार्यालय पोशाक आपूर्ति तथा सिलाई सम्बन्धी सेवा ।
८. सुरक्षा गार्ड सेवाआपूर्ति ।
९. विज्ञापन, छपाई तथा डिजाइनिङ्ग सम्बन्धी कार्य ।
१०. Networking Services &Networking Equipment आपूर्ति तथा मर्मत संभार ।
११. संस्थालाई आवश्यक पर्ने विभिन्न किसिमका सफ्टवयरहरु को आपूर्ति तथा मर्मत संभार ।
१२. कुरियर्स, ढुवानी तथा हवाई टिकट सेवा ।
१३. इन्टेरियर डिजाइन, सिभिल तथा इलेक्ट्रिकल कार्यहरु ।
१४. माथि उल्लेख नभएका अन्य सामान तथा सेवाहरुको आपूर्ति तथा मर्मत सम्भार ।

**अन्य जानकारीहरु:**

- सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता, फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।
- सूचीकृत भएका विक्रेता, फर्महरुलाई यस संस्थाको आवश्यकताअनुसार सामान तथा सेवा खरिद गर्नका लागि कोटेशन माग गर्ने, घटाघट वा बोलकबोल वा बोलपत्रमा भाग लिन अनुरोध गर्न सकिने छ ।
- सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवाप्रदान नगरेमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी बिरोध गर्न पाईने छैन ।
- आवेदन गर्ने फर्म कम्पनीलाई सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
- सुची दर्ता गराउन इच्छुक संस्थाहरुले यस संस्थाको तिनकुने शाखामा रहेको Cash Settlement भन्ने खाता नं. ९०२११६१०२००००४ मा रु १०००/- (अक्षरेपी एक हजार मात्र) (फिर्ता नहुने गरी) सक्कल भौचर सहित माग गरिएको प्रमाणित प्रतिलिपि कागजातहरु सामान्य सेवा विभागको एमेल gsd@pfltd.com.np मार्फत पठाउन सकिनेछ ।
- विगतमा कालो सूचीमा नपरेको हुनुपर्नेछ ।
- यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस संस्थाको कर्पोरेट कार्यालय, सामान्य सेवा विभाग, तिनकुनेमा सम्पर्क गर्न सकिनेछ ।